# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ६ गते ०९ साल

भाग ३

## उद्योगविभागको सूचना

(साना र मझौला उद्योगहरूले पेश गर्नुपर्ने विवरण)

साना र मझौला उद्योगहरूलाई विशेष सुविधा दिने यस विभागको नीति सर्वसाधारणमा सूचित भएकै कुरा हो । हाल देशमा चलेका यस्ता उद्योगहरूलाई सुविधा दिनुभन्दा पहिले तीबारे केही कुरा जान्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको छ । आगामी ज्येष्ठ महीनाभरमा तल लेखिएबमोजिमको विवरण यस विभागमा पेश गर्नुभए बेस होला । म्याद नाघेपछि आएको फर्मलाई लगतमा राख्न निकै मुस्किल पर्नेछ । यो सूचनाबमोजिम काम गर्नुभन्दा पहिले यस विभागमा आफ्नो रजिष्ट्री गराउनु आवश्यक छ । किनभने प्राइभेट कम्पनी कानून (२०००) बमोजिम रजिष्टर नभएका फर्मसँग कुनै प्रकारको सम्बन्ध राख्न यो विभाग असमर्थ छ । सत्य विवरण खोली यथाशीघ्र यस विभागमा पेश गर्नुभए बेस होला ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१ फर्मको नाम ठेगाना.

२ मालिक मालिकहरूको नाम थर वतन र पेशा.

३ काम कहिलेदेखि थालेको हो?

४ बनाउने मालको विवरण (हाल बिक्री दरसहित).

५ चाहिने कल, मेशीन, आदिको विवरण.

६ चाहिने कोरा मालको विवरण (हाल पर्तो मोलसहित).

७ कोरा माल कहाँबाट कसरी किन्ने गरिआएको छ?

८ बनेको माल कहाँ कहाँ कसरी बेच्ने गरेको छ?

९ गत तीन वर्षमा सरदर एक वर्षमा कति माल तयार हुन्थ्यो?
र कति कोरा माल चाहिन्थ्यो?

१० हाल एक महीनामा कति माल बन्दछ? र कति कोरा माल चाहिन्छ?

११ सो काममा ज्याला दिएर राखेका मजदूरहरूको फाँटवारी र दरबन्दी। घर-
कै जहानहरूलाई काममा लगाएको छ भने सोसमेतको फाँटवारी.

१२ प्रतिदिन काम हुने घन्टा बजेदेखि बजेसम्म.

१३ वर्षदिनमा जम्मा कति दिनसम्म अन्दाजी काम हुन्छ?

१४ सो काम गर्न विशेष मर्का परेका कुराहरू.

१५ सरकारबाट चाहिने सुविधाहरूको फाँटवारी

१६ अरू विशेष केही कुरा.

सानो उद्योगमा, पावर उपयोग हुन्छ भने १०, जना र हुँदैन भने ५० जनाभन्दा बढ्ता ज्यामी काममा लगाइँदैनन्।

द्रष्टव्य—यो सब विवरण खोली लेख्दा यस विभागमा आई जो चाहिंदो मद्दत लिन चाहनेहरूको निमित्त उचित प्रबन्ध पनि हुनेछ।

डाइरेक्टर,
उद्योगविभाग सिंहदरबार,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१११)

# उद्योगविभागको म्याद थपको सूचना

[मैनेजिंग डाइरेक्टर वा एजेन्टलाई]

नेपाल कम्पनी कानूनको ९० क दफाबमोजिम काम गर्न लागेको जनाउ दिन कम्पनीका मैनेजिंग डाइरेक्टर वा एजेन्टहरूलाई यस विभागका ०९।११।२३ मितिमा नेपाल गजेभाट प्रकाशित भएको सूचनाअनुसार वैशाख मसान्तसम्मको म्याद दिइएको थियो। सो म्याद कम भएर कुनै कुनै कम्पनीका मैनेजिंग डाइरेक्टर वा एजेन्टहरूले जनाउ दिन नपाइसकेका बुझिएकोले यो सूचना प्रकाशित भएको छ। सो जनाउ दिने म्याद ज्येष्ठ ७ गतेसम्म बढाइएको छ र ज्येष्ठ मसान्तसम्म जो गर्नुपर्ने काम गरिसकेको हुनुपर्दछ। सम्बन्धित व्यक्तिहरूले यसलाई अन्तिम म्यादको रूपमा लिनुभए बेस होला। कुनै कुनै कम्पनीहरूमा मैनेजिंग डाइरेक्टर वा एजेन्टले पहिलेदेखिनै कम्पनी कानूनको उक्त दफाबमोजिम काम गरिसकेका रहेछ भने सोहीमुताबिक जनाउ यस विभागमा पठाइदिनु आवश्यक छ।

डाइरेक्टर,
उद्योगविभाग.

# उद्योगबारे योजनाहरू चाहिएका छन्

( उद्योगविभागको सूचना नं. ६।०९ )

वर्तमान प्रजातन्त्रात्मक गठनमा देशको कामको उत्तरदायित्व सरकारलाई मात्रै होइन कि जनतालाई पनि छ। खास गरेर उद्योगधन्दाको विकासको निमित्त सरकार र जनताको पूरा सहयोग अनिवार्य छ। यसै भावनाले प्रेरित भएर यो सूचना प्रकाशित गर्ने काम भएको छ। आशा छ कि देशका समस्त व्यक्तिहरू, जो उद्योग प्रति उत्साहित छन, सोहीबमोजिम गर्नेछन्।

३१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१ नयाँ वा पुरानो कुनै उद्योगबारे कसैले खँदिलो, कार्यान्वित गर्न लायकको योजना पेश गरेमा उचित्त ध्यान दिइनेछ ।

२ देशमा पैदा हुने कोरा मालहरूबारे ( उदाहरणतः तिनको उपयोग गर्ने कुनै नया तरीका ) पेश भएको योजनामा पनि पूरा ध्यान दिइनेछ ।

३ खास गरेर व्यक्तिगत उत्साह (private Enterprise) लाई जोड दिने उद्देश्यले कुनै किसिमको योजना कार्यान्वित गर्न चाहने व्यक्तिहरूलाई यथोचित प्रोत्साहन दिने प्रयत्न हुनेछ ।

यी सब कुरामा उद्योगीहरूसँग अनुरोध छ कि आफना आफना विचार यस विभागमा पेश गरेर तिनलाई कार्यरूपमा परिणत गर्न सरकारलाई चाहिंदो सहयोग देउन् र सरकारबाट चाहिंदो सहायता लेउन् । यो सूचनाबमोजिम काम गर्न आगामी ज्येष्ठ महीनाभरको समय तोकिएको छ ।

डाइरेक्टर, उद्योगविभाग.

## सूचना ! सूचना !! सूचना !!!

( अडिटर सर्टिफिकेट लिन चाहनेहरूलाई )

कम्पनी कानूनको ११३ छ दफाबमोजिम अडिटर सर्टिफिकेट दिने, फेर्ने, वा बदर गर्ने सम्बन्धी नियमहरू तल लेखिएबमोजिम सूचनाको निमित्त प्रकाशित गर्ने काम भएको छ ।

अडिटरको काम गर्नलाई तल लेखिएबमोजिको योग्यता हासिल गरेको हुनुपर्दछः—

१ कम्पनी कानूनको ११३ घ दफाबमोजिम चार्टर्ड वा रजिष्टर्ड वा सरकारी डिप्लोमा एकाउन्टेन्सी पास गरेको हुनुपर्दछ, वा ।

२ कुनै विश्वविद्यालयको एकाउन्टेन्सीको वा सोसमेतको डिग्री पाएको हुनुपर्दछ, वा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ गत पाँच वर्षसम्म लगातारसँग नेपालमा रजिष्टरी भएका कम्पनीहरुको हिसाब जाँचेको हुनुपर्छ ।

कम्पनीहरुको हिसाब जाँच्दा कुनै किसिमको बदनीयती वा कम्पनी कानून-विरुद्ध कुनै किसिमको काम गरेको ठहरे लाइसेन्स तुरुन्तै बदर हुनेछ ।

यस विभागमा सो सर्टिफिकेटको निमित्त आवेदन गरेका र माथि लेखिएबमोजिम योग्यता हासिल गरेका व्यक्तिहरुले ज्येष्ठ ७ गतेदेखि १५ गतेसम्ममा सर्टिफिकेट लिन यस विभागमा उपस्थित हुनुभए बेस होला ।

सर्टिफिकेट एक बर्षसम्म बहाल रहनेछ ।

डाइरेक्टर;
उद्योगविभाग.

## सूचना

(सि, स. वि. बाट)

यस बिभागबाट अघिपटक पटक सूचना प्रकाश भएबमोजिमको नियमर रूल बखत बखतमा बनिने रूल नियमसमेतमा बसी काम गर्न इच्छा भएका (परिशिष्ट क) फाराम यस विभागमा दरखास्त गर्ने कपडाका रिटेलर्स ब्यापारीहरुले डाइरेक्टर वाणिज्यविभागबाट आफ्नो पसल रजिष्टर्ड भएका प्रमाणपत्र लिई २००६ साल ज्येष्ठ ७ गते कपडा खुद्रा बिक्री गर्ने नयाँ लाइसेन्स लिन आउनुहोला ।

डाइरेक्टर; सि. स. बिभाग.

## सूचना

कन्ट्रोल अड्डाबाट काटेको कुपनबमोजिमका मालसामान कुपन पाउनेलाई दिंदा इम्पोर्टर्सहरुले सो पाउनेको रीतपूर्वकको भरपाई नगराउने बुझिएकोले अब-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

उप्रान्त यति नम्बरको कुपनबमोजिमको यति माल बुझी लीयौं भन्ने कुपनबमोजिमको माल पाउनेको भरपाई गराई राखी कुपन र भरपाई पेश गरेमा मात्र सो कुपन र भरपाईबमोजिमको मिनाहा पाउने हुनाले सबै इम्पोर्टर्सहरूले थाहा पाउन् भन्ना निमित्त सूचना गर्ने काम भएको छ ।

डाइरेक्टर;
सिभिल सप्लाइज विभाग.

मुद्रण विभाग, सिंहदरबार

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित.**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।